महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
डोरमुकाम इलाम

Phone:: 5010081
5010066
5010247
5010115
Post Box: 13328

पुल्चोक, ललितपुर, नेपाल
Pulchok, Lalitpur, Nepal

पत्र संख्या: ०७४।०७५
च.नं.: ९४

मिति: २०७४।८।९

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यू,
माईजोगमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नयाँबजार, ईलाम ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।८।८ मा छलफल पश्चात् तयार गरिएको पाना ६ (छात्र) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

बोधार्थ तथा कार्यार्थ :

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार काठमाडौं: प्रतिवेदन संलग्न छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालय,
इलाम: प्रतिवेदन संलग्न छ ।

भवदीय,

(मात्रिका प्रसाद घिमिरे)
निर्देशक

Scanned by CamScanner

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थानः माईजोगमाई गाउँपालिका,
नयाँबजार, इलाम ।

आर्थिक वर्षः २०७३।०७४

	नाम	कार्यरत अवधि		बेरुजू रकम
		देखि	सम्म	
कार्यालय प्रमुखः	श्री तोपलाल भूषाल	२०७३/१२/०१	२०७४/०३/३१	३४८४६९.००
लेखा प्रमुखः	श्री राजकुमार सेनचिउरी	२०७३/१२/०१	हालसम्म	३४८४६९.००

माईजोगमाई गाउँपालिका

एकीकृत आय-व्ययको विवरण

गाउँ विकास समिति खर्च (फिर्ता समेत) २०७३।४।१ देखि २०७४ आषाढ मसान्तसम्म

क्र.सं.	विवरण	आय			व्यय		
		साविक जिम्मेवारी	यस वर्षको आम्दानी	जम्मा	खर्च	मौज्दात/जि.वि.स. फिर्ता	जम्मा
क	साविक गाउँ विकास समितितर्फ १२०७३।४।१-११।२७)						
१	नयाँबजार गाउँ विकास समिति	९४३८०।२५	७४९५३३२।००	७५८९७१२।२५	५६४८००१।००	१९४१७११।२५	७५८९७१२।२५
२	जोगमाई गाउँ विकास समिति	२७४३७६।५०	८५८१३८१।५०	८८५५७५८।००	७४१७४६८।४६	१४३८२८९।५४	८८५५७५८।००
३	नामसालिङ गाउँ विकास समिति	१२७७९९।००	११३२७४२७।५०	११४५५२२६।५०	१०२५७९०६।००	११९७३२०।५०	११४५५२२६।५०
४	सोयाङ गाउँ विकास समिति	२१२२८७।०३	७७३७२२८।००	७९४९५१५।०३	३८८७१५०।००	४०६२३६५।०३	७९४९५१५।०३
५	प्याङ गाउँ विकास समिति	११३६७२।५०	५७५६९७०।००	५८७०६४२।५०	५१४८९२९।००	७२१७१३।५०	५८७०६४२।५०
	जम्माः	८२२५१५।२८	४०८९८३३९।००	४१७२०८५४।२८	३२३५९४५४।४६	९३६१३९९।८२	४१७२०८५४।२८
ख	**माईजोगमाई गाउँपालिका**	९३६१३९९।८२	२९६१९०१४।५०	३८९८०४१४।३२	३२७१८३२२।९४	६२६२०९१।३८	३८९८०४१४।३२
	कूल जम्मा	१०१८३९१५।१०	७०५१७३५३।५०	८०७०१२६८।६०	६५०७७७७।४०	१५६२३४९१।२०	८०७०१२६८।६०

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

दफा नं.	भौ.नं./ मिति र व्यहोरा
	माईजोगमाई गाउँपालिका
	परिचयः स्थानीय निकायमा जनताको लागि सोच्ने र जवाफदेहीता बहन गरी स्थानीय विकास गर्न स्रोत साधन संकलन र परिचालन प्रजातान्त्रिक प्रक्रिया पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्न उन्मुख हुने तथा दिगो विकासको लागि आधारभूत सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजि क्षेत्रलाई सहभागी हुन प्रोत्साहन गर्ने जस्ता कार्यको लागि यस कार्यालयको स्थापना भएको हो। **गाउंपालिकाको कार्यालयको उद्देश्यः** नेपाल सरकार एवं स्थानीय निकायमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु गाउँ पालिका कार्यालयको मुख्य उद्देश्य हो। **स्थानिय निकायको अधिकार क्षेत्रः** नेपालको संविधानको अनुसुची ७ र ९ मा स्थानिय तहको साझा अधिकारका बारेमा उल्लेख गरेको छ भने अनुसुची ८ मा स्थानिय तहको देहायका अधिकारका बारेमा स्पष्ट व्यवस्था गरेको छ। स्थानीय तहको अधिकारको सूची • नगर प्रहरी • सहकारी संस्था • एफ एम सञ्चालन • स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन • स्थानीय सेवाको व्यवस्थापन • स्थानीय तथ्यांक र अभिलेख संकलन • स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू • आधारभूत र माध्यमिक शिक्षा • आधारभूत स्वास्थ्य र सरसफाइ

Scanned by CamScanner

दफा नं.	भौ.नं./ मिति र व्यहोरा

- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन घर जग्गा धनी पुर्जा वितरण कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

उल्लेखित अधिकार कार्यान्वयनको लागि हालसम्म आवश्यक ऐन नियमको व्यवस्था भै नसकेको अवस्था रहेको छ।

लेखापरीक्षणकोउद्देश्य र क्षेत्र

लेखापरीक्षणको कानूनी व्यवस्था:नेपालको संविधानको धारा २४१ मा स्थानीय तहको समेत लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था रहेको छ। संविधानमा व्यवस्था भए बमोजिम यस गाउँपालिकाको लेखापरीक्षण सम्पन्न गरिएको छ।

लेखापरीक्षणको उद्देश्य: कार्यालयबाट पेश भएको एकिकृत व्यय विवरणले समग्र आर्थिक कारोवारलाई यथार्थ रुपमा प्रस्तुत गरे नगरेको, प्रचलित कानून वमोजिम कारोवार संचालन गरी लेखाङ्कन गरे नगरेको, स्वीकृत कार्यक्रम अनुरुप कार्य सञ्चालन गरे नगरेको सम्बन्धमा परीक्षण गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ।

लेखापरीक्षणको क्षेत्र: गाउँ विकास समितिको आर्थिक कारोबार र सोको जिम्मेवारी, सम्पत्तीको व्यवस्थापन, गाउँपालिकाको सबै आम्दानी तथा खर्च, केन्द्रीय निकासा तथा अन्य आय–व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन लगायत आर्थिक वर्ष २०७३।७४ सम्मका क्रियाकलापलाई लेखापरीक्षण क्षेत्र भित्र समावेश गरिएको छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

१. **आय-व्यय विवरण:**

माइजोगमाई गाउँपालिका
वार्षिक आय व्यय विवरण
आ ब २०७३/७४

आय तर्फ				व्यय/मौज्दात तर्फ			
सि. नं.	विवरण	रकम	रकम	सि नं.	विवरण	रकम	रकम
१	शुरु मौज्दात		९३६१३९९.८२	१	खुद खर्च		३२७१८३२२.९४
	साविक गा.वि.स बाट हस्तान्तरण				चालु खर्च	१७५११४८०.५८	
	क. संचित कोष	९०३१४२१.८२			पुँजिगत खर्च	१५२०६८४२.३६	
	ख. कर्मचारी कल्याण कोष	२५६१७८.००		२	पेश्की खर्च		०.००
	ग. मर्मत संभार कोष	४०३००.००			चालु खर्च	०.००	
	घ. प्रकोप व्यवस्थापन कोष	३३५००.००			पुँजिगत खर्च	०.००	
२	आन्तरिक श्रोत		२८३१४५.००	३	धरौटी		०.००
	मालपोत	१४७२७१.००			फिर्ता	०.००	
	घरधुरी कर	१५२५०.००			सदरस्याहा	०.००	
	हाटबजार कर	२४३५९.००		४	मौज्दात		६२६२०९१.३८
	दस्तुर	८०२६५.००			सचित कोष खाता	५८५९२८१.३८	
	जरिवाना	१३६००.००			कर्मचारी कल्याण कोष	३२९०१०.००	
	व्यवसाय कर	१३००.००			मर्मत संभार कोष	४०३००.००	
	अन्य	११००.००			प्रकोप व्यवस्थापन कोष	३३५००.००	
३	वाह्य श्रोत		२९२६३०३७.५०				
	संघीय संरचना पूर्वाधार विकास का	१००००००००.००					
	गाउँ विकास समिति अनुदान	६५५१८३७.५०					
	सामाजिक सुरक्षा कार्यक्रम	१२२५९२००.००					
	जिल्ला विकास समितिबाट प्राप्त अनुदान	४५२०००.००					
५	विशेष कोष		७२८३२.००				
	कर्मचारी कल्याण कोष	७२८३२.००					
	जम्मा		३८९८०४१४.३२		जम्मा		३८९८०४१४.३२

२. **आर्थिक अवस्था:** नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने, त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था रहेको छ। यस आर्थिक बर्षमा साविक २ गाउँ विकास समितिहरुको शुरु मौज्दात, सामाजिक सुरक्षा भत्ता, गाँउ पालिका अनुदान तथा आन्तरिक आय समेत रु. ३८९८०४१४।३२ जम्मा आम्दानी र उल्लेखित शिर्षकहरुमा रु. ३२७१८३२२।९४ खर्च भई रु. ६२६२०९१।३८ मौज्दात बांकी रहेको देखिएको छ। यो बर्षको कुल आम्दानी रु. २९६१९०१४।५० मा आन्तरिक स्रोतको आम्दानी जम्मा रु. २८३१४५।- (०.९६ प्रतिशत) रहेको देखिएबाट गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था नाजुक देखिएको छ। यस गाउँपालिकाले आन्तरिक स्रोत बढाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिएको छ।

Scanned by CamScanner

दफा नं.	भौ.नं./ मिति र व्यहोरा
३.	**लेखाप्रणाली**: स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने र तोकिएका अनुसूचीहरुको प्रयोग गर्नुपर्ने व्यबस्था भएता पनि नियमावली बमोजिमका अनुसूचीहरुको प्रयोग गरेको पाईएन।
४.	**आन्तरिक नियन्त्रण प्रणाली**:विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूल्यांकन गर्दा निम्नानुसारको व्यहोरा देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ: • दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन भएको छैन, • खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई राखेको छैन। • मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक गरेको छैन, • कार्यालयले उद्देश्य प्रप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन, • अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित छैन। • कार्यविवरण तयार गरि कर्मचारीको अधिकार र जिम्वेवारी तोकेको छैन। • खप्ने जिन्सी सामानको संकेत प्रदान गरेको छैन। • जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, • सेवा प्रवाहमा नागरिक सुचनाको लागि हेल्प डेस्क र नागरिक वडापत्रको व्यवस्था छैन। • सबै योजनाहरुको नियमानुसार सार्वजनिक लेखापरीक्षण गराएको छैन। • आन्तरिक आयको अभिलेख व्यवस्थित गरेको छैन। • प्रयोग गरिने रसिदको रसिद नियन्त्रण खाता राखेको छैन।
५.	**राजस्व असुली तथा दाखिला** आर्थिक कार्यबिधि ऐन २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता पेश गरेको पाइएन। यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला नियमानुसार भएकोमा एकिन हुन सकिएन। बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आवस्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आयको उचित परिचालन हुनु पर्दछ।
६.	**स्रोत नक्सांकन** -स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिका र नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अन्तरगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तरगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साँकन वा गाउं पालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन।
७.	**वार्षिक खरिद योजना तयार नगरेको**:सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(१) ले सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन। सङ्घीय संरचनामा नयाँ गाँउ पालिका खोल्नु परेको र कार्यलय सन्चालनको लागि तत्काल आवस्यक सामान खरिद गर्नु परेकोले योजनाबद्ध खरिद कार्य हुन नसकेको जानकारी कार्यालयले गराएता पनि खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबशयक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ।
८.	**मालसामानको लागत अनुमान तयार नगरेको**:– सार्वजनिक खरिद ऐन २०५५ को दफा ५ ले सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो बर्ष लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो। कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।
९.	**बरबुझार-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका

Scanned by CamScanner

दफा नं.	भौ.नं./ मिति र व्यहोरा

साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ।

१०. **कारोबारको लेखा**:– स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ५६ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी तथा खर्च रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा साविक २ गाउँ विकास समिति र वर्तमान यस गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन। अतः गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ।

११. **सम्पत्ति हस्तान्तरण**–स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धीआदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वानगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति ,दायीत्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता संवत २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको तथा प्रतिवेदन सार्वजनिक गरेको नपाईएकोले आदेशको पालिना गरि अभिलेख अध्यावधिक गरिनु पर्दछ।

वार्ड ३,४ खर्च खाता

१२. **जिन्सी आम्दानी** - पूजिगत खर्च -२० - ०७४।३।१८ आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम कार्यालयमा प्राप्त सामान जिन्सी आम्दानी गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले अफिस दराज टेवल आदी खरीद गरी रु ५६९४१।- भुक्तानी गरेकोमा उक्त समानहरु जिन्सी दाखिला भएको पाईएन। अतः उक्त सामान जिन्सी दाखिला गर्नु पर्ने रु ५६९४१।-

१३. **विल भरपाई**- २७ -०७४।०३।२४ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट खर्चका विल भरपाई स्वीकृत गराई खर्चका विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छ -

१४. स्वास्थ्य चौकी नामसालिङ लाई स्वास्थ्य चौकी सुधारका लागि दिएको रकम रु १०७५००।० को विल भरपाई तथा फांटवारी पेश भएन। अतः उक्त खर्चको तोकेको कार्यमा उपयोग भएको विल भरपाई तथा फांटवारी पेश गर्नु पर्ने रु १०७५००।०

१५. त्यस्तै ३०।२०७४।३।२४ विद्युत विस्तार कार्यक्रमलाई रु १२३०००।० भुक्तानी भएकोमा उक्त कार्यको मूल्याङ्कन तथा फांटवारी पेश भएको देखिएन। अतः नियमावली वमोजिम निर्मण कार्यको मूल्याकन तथा कामको फांटवारी पेश गर्नु पर्ने रु १२३०००।०

साबिक नयाँबजार गाउँ विकास समिति

१६. **आय-व्यय विवरण**:

वार्षिक आर्थिक विवरण

२०७३ फागुन २६ सम्मको

आय तर्फ			व्यय तर्फ		
विवरण		रकम	विवरण		रकम
गत वर्षको मौज्दात		९४३८०।२५	**चालु खर्च**		४७१२२६६।००
क) गाविस कोष	९४३८०।२५		क) नेपाल सरकार चालु अनुदान	४५५४६६।००	
यस वर्षको आय (गाविस कोष)		७४९५३३२।००	ख) सामाजिक सुरक्षा	४२५६८००।००	
क) आन्तरिक आय मालपोत	२१२१५।००				
क) आन्तरिक आय दस्तुर	१४२००।००		**पुंजिगत खर्च**		९३५७३५।००
क) आन्तरिक आय दण्ड सजाय	१५००।००		क) नेपाल सरकार पुंजिगत अनुदान	९३५७३५।००	
क) आन्तरिक आय हाटबजार कर	२९६००।००				
ख) नेपाल सरकार अनुदान	२७७६८६५।००		**मौज्दात**		१९४१७११।२५
ग) जिल्ला विकास समिति अनुदान	१९६०००।००		क) गाविस कोष	१९४१७११।२५	
घ) अन्य अनुदान	१९९१५२।००				
ङ) सामाजिक सुरक्षा	४२५६८००।००				
जम्मा		७५८९७१२।२५	**जम्मा**		७५८९७१२।२५

१७. **आन्तरिक कर दस्तुर**: स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ६६५१५।– भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ। नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

Scanned by CamScanner

१८. **आय-व्यय विवरण:**

साबिक जोगमाई गाउँ विकास समिति

वार्षिक आर्थिक विवरण

२०७३ फागुन २६ सम्मको

आय तर्फ			व्यय तर्फ		
विवरण		रकम	विवरण		रकम
गत वर्षको मौज्दात		२७४३७६।५०	चालु खर्च		६२०८५६५।५०
क) गाविस कोष	१२०४००।५०		क) नेपाल सरकार चालु अनुदान	३७७०००।००	
ख) कर्मचारी कल्याण कोष	६०४७६।००		ख) आन्तरीक चालु अनुदान	२०३६५।५०	
ग) मर्मत संभार कोष	६००००।००		ग) सामाजिक सुरक्षा	५८११२००।००	
घ) प्रकोप व्यवस्थापन कोष	३३५००।००		पुंजिगत खर्च		११८५५५२।९६
यस वर्षको आय (गाविस कोष)		८५७७७३१।५०	क) नेपाल सरकार पुंजिगत अनुदान	११६०५५२।९६	
क) आन्तरिक आय			ख) विविध पूँजीगत अनुदान	२५०००।००	
ख) नेपाल सरकार अनुदान	१४१५८९।००		विविध कोषको खर्च		१९७००।००
ग) जिल्ला विकास समिति अनुदान	२५०१९४२।५०		क) मर्मत संभार कोष	१९७००।००	
घ) सामाजिक सुरक्षा	१२३०००।००		धरौटी		३६५०।००
	५८११२००।००		क)सदरस्याहा		
धरौटी			ख)फिर्ता	३६५०।००	
धरौटी आय	३६५०।००	३६५०।००	मौज्दात		१४३८२८९।५४
			क) गाविस कोष	१३०४०१३।५४	
			ख) कर्मचारी कल्याण कोष	६०४७६।००	
			ग) मर्मत संभार कोष	४०३००।००	
			घ) प्रकोप व्यवस्थापन कोष	३३५००।००	
जम्मा		८८५५७५८।००	जम्मा		८८५५७५८।००

१९. **आन्तरिक कर दस्तुर:** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. १४१५८९।– भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

२०. **कर दाखिला-** कट्टी गरेको अग्रिम आयकर रु ३०२८।- दाखिला नगरी आय खातामा मौज्दात रहेको देखिएकोले कर राजश्व खातामा दाखिला गर्नु पर्ने रु ३०२८।-

२१. **कोष हिसाव-** १५-०७३।८।२७- गा.वि.स.कार्यालयको पुरानो भवनका पुराना सामाग्री बिक्रीवाट आय रु.७३०००। देखाइएको यसमा लिलाम विक्रीका आवश्यक प्रकृया जस्तो कम्तीमा ३ जनाको कोटेशन दर्ता हुनु पर्ने, माथिल्लो निकाय र अन्य कार्यालयको सरकारी प्रतिनिधित्व रहनु पर्ने साथै १ जना निवेदक सविन भट्टराइको निवेदनमा मात्र पहिलो पटकमै निर्णय भएको पाएको हुँदा प्रतिश्पर्धा भएको नदेखिएकोले यस्तो लिलाम विक्रि गर्दा बढी प्रतिश्पर्धात्मक हुने गरी गर्नु पर्दछ ।

साबिक नामसालिङ गाउँ विकास समिति

२२. **आय-व्यय विवरण:**

वार्षिक आर्थिक विवरण

२०७३ फागुन २६ सम्मको

आय तर्फ			व्यय तर्फ		
विवरण		रकम	विवरण		रकम
गत वर्षको मौज्दात		१२७७९९।००	**चालु खर्च**		८१७२६३१।००
क) गाविस कोष	९३९९९।००		क) नेपाल सरकार चालु अनुदान	२१६०३१।००	
ख) कर्मचारी कल्याण कोष	३३८००।००		ख) आन्तरीक चालु अनुदान	३७७०००।००	
ग) मर्मत संभार कोष			ग) विविध चालु अनुदान	१८०००।००	
घ) प्रकोप व्यवस्थापन कोष			घ) सामाजिक सुरक्षा	७५६१६००।००	
यस वर्षको आय (गाविस कोष)		११३२७४२७।५०			
क) आन्तरिक आय मालपोत	८६०९०।००		**पुंजिगत खर्च**		२०८५२७५।००
क) आन्तरिक आय दस्तुर	२००००।००		क) नेपाल सरकार पुंजिगत अनुदान	२०६०२७५।००	
क) आन्तरिक आय घरजग्गा कर	४३१५०।००		ख) विविध पुँजीगत अनुदान	२५०००।००	
क) आन्तरिक आय व्यवसाय कर	३७५०।००				
ख) नेपाल सरकार अनुदान	३१११३३७।५०		**मौज्दात**		११९७३२०।५०
ग) जिल्ला विकास समिति अनुदान	४८३५००।००		क) गाविस कोष	११६३५२०।५०	
घ) अन्य अनुदान	१८०००।००		ख) कर्मचारी कल्याण कोष	३३८००।००	
ङ) सामाजिक सुरक्षा	७५६१६००।००				
जम्मा		११४५५२२६।५०	जम्मा		११४५५२२६।५०

२३. **आन्तरिक कर दस्तुर:** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. १५२९९०।– भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी

Scanned by CamScanner

दफा नं.	भौ.नं./ मिति र व्यहोरा
	रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

२४. **आय-व्यय विवरण:**

साबिक सोयाङ गाउँ विकास समिति

वार्षिक आर्थिक विवरण

२०७३ फागुन २६ सम्मको

आय तर्फ			व्यय तर्फ		
विवरण		रकम	विवरण		रकम
गत वर्षको मौज्दात		२१२२८७।०३	**चालु खर्च**		२९०२५९९।००
क) गाविस कोष	१२८६८५।०३		क) नेपाल सरकार चालु अनुदान	५९६९९९।००	
ख) कर्मचारी कल्याण कोष	८३६०२।००		ख) सामाजिक सुरक्षा	२३०५६००।००	
यस वर्षको आय (गाविस कोष)		७७०६५२८।००			
घरजग्गा कर	७४००।००		**पुंजिगत खर्च**		९८४५५१।००
मालपोत भूमीकर	४९०१३।००		क) नेपाल सरकार पुंजिगत अनुदान	९८४५५१।००	
दण्ड सजाय	२०००।००				
दस्तुर	१६०००।००		**मौज्दात**		४०६२३६५।०३
ख) नेपाल सरकार अनुदान	२८३६४१५।००		क) गाविस कोष	३९४८०६३।०३	
ग) जिल्ला विकास समिति अनुदान	१४८५००।००		ख) कर्मचारी कल्याण कोष	११४३०२।००	
घ) अन्य अनुदान	१०००००।००				
ङ) सामाजिक सुरक्षा	४५४७२००।००				
विविध कोषको आय		३०७००।००			
क) कर्मचारी कल्याण कोष	३०७००।००				
जम्मा		७९४९५१५।०३	**जम्मा**		७९४९५१५।०३

२५. **आन्तरिक कर दस्तुर:** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी रु. ७४४१३।– भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

साबिक प्याङ गाउँ विकास समिति

२६. **आय-व्यय विवरण:**

वार्षिक आर्थिक विवरण

२०७३ फागुन २६ सम्मको

आय तर्फ			व्यय तर्फ		
विवरण		रकम	विवरण		रकम
गत वर्षको मौज्दात		११३६७२।५०	**चालु खर्च**		३२००६००।००
क) गाविस कोष	६६०७२।५०		क) नेपाल सरकार चालु अनुदान	३७७०००।००	
ख) कर्मचारी कल्याण कोष	४७६००।००		ख) आन्तरीक चालु अनुदान	५००००।००	
यस वर्षको आय (गाविस कोष)		५७५६९७०।००	ग) सामाजिक सुरक्षा	२७७३६००।००	
क) आन्तरिक आय मालपोत	४२१२५।००				
क) आन्तरिक आय दस्तुर	४०३५०।००		**पुंजिगत खर्च**		१९४८३२९।००
क) आन्तरिक आय दण्ड सजाय	७१५०।००		क) नेपाल सरकार पुंजिगत अनुदान	१८१७२५६।००	
क) आन्तरिक आय व्यवसाय कर	२०००।००		ख) आन्तरीक पुंजिगत अनुदान	६६०७३।००	
क) आन्तरिक आय हाटबजार कर	४२१०।००		ग) विविध पुँजीगत अनुदान	६५०००।००	
ख) नेपाल सरकार अनुदान	२४२३५३५।००				
ग) जिल्ला विकास समिति अनुदान	३१४०००।००		**मौज्दात**		७२१७१३।५०
घ) अन्य अनुदान	१५००००।००		क) गाविस कोष	६७४११३।५०	
ङ) सामाजिक सुरक्षा	२७७३६००।००		ख) कर्मचारी कल्याण कोष	४७६००।००	
जम्मा		५८७०६४२।५०	**जम्मा**		५८७०६४२।५०

२७. **आन्तरिक कर दस्तुर:** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १६७(१) अनुसार स्थानिय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसार कर, सेवाशूल्क ,दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सक्नेमा यस कार्यालयले विभिन्न शिर्षकको आन्तरिक आम्दानी हाटबजार कर समेत रु. ९५८३५।– भनी बैंक दाखिला गरेको आधारमा आम्दानी जनाएको छ । नगदी रसिद नियन्त्रण खाता, आम्दानी रसिद,दैनिक आम्दानी रजिष्टर पेश नगरेको कारणले वास्तविक आन्तरिक आम्दानी सम्वन्धमा एकिन हुन सकिएन।

२८. **जिन्सी दाखिला** - ०३-०७३।७।०४- रु.५८०००।- मा एक थान डेल ल्यापटप खरिद भएको जिन्सी लेखांकन नभएकोले जिन्सी दाखिला गर्नु पर्ने रु ५८०००।-

स्रोत उपयोग र उपलब्धिको विवरण

Scanned by CamScanner

क्र. सं.	स्रोत		क्र.सं.	मुख्य उपलब्धिहरु	
१	बजेट विनियोजन		१	बजेट खर्च	
			२	तलव भत्ता	
			३	संचालन खर्च	
२	कर्मचारी संख्या		४	पुजिगत खर्च	
			५	स्थानीय तहको आम्दानी	
३	भौतिक पूर्वाधारः • भवन संख्या • सवारी साधन संख्या		६	धरौटी आम्दानी	
			७	कार्यक्रम उपलब्धि • तालिम प्राप्त गर्नेको संख्या • योजना संचालन • सामाजिक सुरक्षा भत्ता बितरण • बिभिन्न सडक तथा भवन निर्माण	

बेरुजू वर्गीकरण

क्र.सं.	बेरुजू वर्गीकरण	दफा नं.	रकम
१	**असुल गर्नुपर्ने**		०.००
२	**नियमित गर्नुपर्ने**		३४८४६९.००
	• अनियमित भएको		०.००
	• प्रमाण कागजात पेश नभएको	१२,१४,१५,२०,२८,	३४८४६९.००
	• जिम्मेवारी नसारेको		०.००
	• शोधभर्ना नलिएको		०.००
३	**पेश्कीः**		०.००
	• कर्मचारी		०.००
	• संस्थागत		०.००
४	**सैद्धान्तिक**	२,३,४,५,६,७,८,९,१०,११,१७,१९,२१,२३,२५,२७,	०.००
	जम्मा		३४८४६९.००

Scanned by CamScanner